दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**राम्रो घडेरी बिक्रीमा**
तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।
सम्पर्क नम्बर: ९८०१८२७९५०

वर्ष ३८ | अंक १२६ | बुटवल | २०८३ बैशाख २३ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday May 06, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## ओमानमाथि नेपालको शानदार जित



बुटवल । आसिफ शेखको ९४ रन र गुल्सन झाको उत्कृष्ट बलिङ प्रदर्शनमा नेपालले आइसीसी क्रिकेट विश्वकप लिग टुअन्तर्गत काठमाडौंमा भइरहेको सिरिजको अन्तिम खेलमा ओमानलाई ८१ रनले पराजित गरेको छ।

गुल्सनले ५ विकेट लिएपछि कीर्तिपुरस्थित टीयू अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेपालले दिएको २५७ रनको लक्ष्य पछ्याएको ओमान ३९.५ ओभरमा १७५ रनमै अलआउट भयो।

त्यसअघि शेख दाजुभाइ आसिफ र आरिफ ब्याटिङमा चम्किँदा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ४९.५ ओभरमा सबै विकेट गुमाएर २५६ रन बनाएको थियो । यस सिरिजमा नेपालले चारमध्ये ३ खेल जित्दै ६ अंक जोड्न सफल भयो । २४ खेलबाट १८ अंक जोडेको नेपाल ८ टोली सहभागि लिग टु मा सातौं स्थानमै यथावत छ । यस सिरिजमा नेपालले यसअघि युएईलाई ३६ रन र ६ रनले पराजित गरेको थियो भने ओमानसँग १०२ रनले पराजित भएको थियो । आजको जितपछि नेपालले ओमानविरुद्ध अघिल्लो हारको बदला समेत लिएको छ।

अब नेपालले अमेरिका र स्कटल्यान्ड सम्मिलिति लिग टु को अर्को शृंखला यही वैशाख २९ गतेदेखि घरेलु मैदानमै खेल्नेछ।

नेपालले दिएको मध्यम लक्ष्य पछ्याएको ओमानका लागि मंगलबार नेपालका गुल्सन झा घातक सावित भए । उनले ५ विकेट लिएपछि ओमानले ४० ओभर पनि पूरा ब्याटिङ गर्न सकेन। ओमानका लागि विकेटकिपर विनायक शुक्लाले ४१ बल खेल्दै ३ चौका र २ छक्का मदतमा सर्वाधिक ३६ रन बनाए । यस्तै हम्मद मिर्जाले ३४, हसनैन वाहावले २९ रन बनाए।

अ३ल्लो खेलमा नेपाल विरुद्ध शतक बनाएका कप्तान जतिन्दर सिंह १२ र वासिम अली १० रनमा आउट भए। ओमानलाई अलआउट गर्न नेपालका लागि गुल्सन झाले ९ ओभरमा ३८ रन खर्चेर ५ विकेट लिए।

ओमानविरुद्ध गुल्सनले आफ्नो ओडिआई करियरकै उत्कृष्ट बलिङ फिगर राख्दै दोस्रो पटक ५ विकेट लिएका हुन् । यसअघि उनले सन् २०२४ सेप्टेम्बरमा क्यानडाको ओन्टारियोमा भएको लिग टुअन्तर्गत ओमानविरुद्ध नै १० ओभरमा २ मेडन राख्दै ४७ रन खर्चेर ५ विकेट लिएका थिए। करण केसी, नन्दन यादव, सन्दीप लामिछाने र उपकप्तान दीपेन्द्र सिंह ऐरीले समान एक विकेट लिए।

» बाँकी ३ पेजमा

## सुकुम्वासी व्यवस्थापनका नाममा ‘डोजर आतंक’ : कांग्रेस



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकारले सुकुम्वासी व्यवस्थापनका नाममा ‘डोजर आतंक’ मच्चाएको आरोप लगाएका छन्।

पार्टीको संसदीय समन्वय बोर्डको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै नेता आङ्देम्बेले सरकारको कार्यशैली मानवीय मूल्य र मान्यताविपरीत रहेको बताए।

नेता आङ्देम्बेले सुकुम्वासी बस्ती हटाउने नाममा राज्यले जनतालाई मर्न बाध्य पारेको भन्दै चिन्ता व्यक्त गरे।

वास्तविक सुकुम्वासीको लगत संकलन नगरी हचुवाका भरमा डोजर चलाउँदा होल्डिङ सेन्टरहरूमा सुत्केरी, बालबालिका र ज्येष्ठ नागरिकको अवस्था दयनीय बनेको र केही व्यक्तिको मृत्युसमेत भइसकेको उनको भनाइ छ।

राज्यले आफ्नो व्यवहार नसच्याए सहयोगी हातहरू प्रतिवाद र प्रतिकारमा उत्रने चेतावनी दिँदै उनले यसको जिम्मेवार सरकार नै हुनुपर्ने बताए।

उनले भने- ‘नदी किनारलाई व्यवस्थित गर्ने र सफा बनाउने कार्यमा हाम्रो सकारात्मक सहयोग रहन्छ, तर सुकुम्वासी उठाउने नाममा राज्यले जसरी आतंक मच्चाइरहेको छ, यसले मानवीय संवेदना र कानुनी पाटो दुवैलाई उल्लंघन गरेको छ।’ आङ्देम्बेले सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याएर संवैधानिक निकायहरूमा आफ्नो अनुकूलका व्यक्ति नियुक्ति गर्न खोजेको आरोप पनि लगाए।

आङ्देम्बेले संसद छलेर अध्यादेशमार्फत् शासन चलाउन खोज्नुले सरकारको ‘कुनियत’ प्रष्ट भएको टिप्पणी गरे। उनले भने-‘संवैधानिक आयोगहरूलाई आफ्नो नियन्त्रणमा राख्ने ढंगबाट सरकार अगाडि बढेको छ। यसका विरुद्ध हामी संसदमा संशोधन प्रस्तावसहित संसदीय प्रक्रियाअनुसार सशक्त रूपमा प्रस्तुत हुनेछौं।’

संसद अधिवेशनको मिति पटक-पटक सार्ने र हठात आह्वान गर्ने कार्यले जनभावनाको अपमान गरेको उनको भनाइ छ।

सरकारका जनविरोधी निर्णयका विरुद्ध संसद्मा रहेका अन्य विपक्षी दलहरूसँग पनि समन्वय भइरहेको नेता आङ्देम्बेले बताए। मुद्दाका आधारमा विपक्षी दलहरू एकै ठाउँमा आउने पहल भइरहेको र संसदमा सामूहिक रूपमा सरकारको कार्यशैलीको प्रतिवाद गरिने उनले बताए। संसदीय समन्वय बोर्डको अभ्यासका विषयमा प्रष्ट पार्दै उनले पार्टीले यसअघि गरेका निर्णयहरूको कार्यान्वयन र आगामी संसदीय रणनीतिबारे बोर्डमा घनिभूत छलफल भएको जानकारी समेत दिए।

## भूमिहीन र अव्यवस्थित बसोवासीले २४ गते बुटवलमा वृहत् विरोध प्रदर्शन गर्दै




बुटवल । रुपन्देहीमा सुकम्वासी तथा अव्यवस्थित बसोवासी वस्ती नहटाउन दबाब दिन जिल्लाभरका सुकम्वासी तथा अव्यवस्थित बसोवासीले बुटवलमा वृहत् विरोध प्रदर्शन गर्ने भएका छन्।

नेपाल भूमिहीन सुकम्वासी तथा अव्यवस्थित बसोवासी संघर्ष समितिले मंगलबार बुटवलमा पत्रकार सम्मेलन गरी विना विकल्प बस्ती खाली गर्ने कार्य भइरहेकाले त्यसलाई रोक्न दबाब दिन विरोध प्रदर्शन गर्न लागेको जनाएको छ।

संघर्ष समितिका संयोजक खगेन्द्र पौडेलले केन्द्र सरकारको ठाडो निर्देशनमा रुपन्देहीका कतिपय पालिकाहरुले सुकुम्वासी र अव्यवस्थित बस्ती खाली गराउन थालेकाले जिल्लाभर आतंक फैलिएको भन्दै उचित विकल्प विना बस्ती खाली गराउने कार्य भए सशक्त प्रतिकार हुने चेतावनी दिए।

सरकारले पहिला वास्तविक भूमिहीन तथा अव्यवस्थित बसोवासीको पहिचान गरेर विगतका सरकारको पालामा भूमि आयोगले व्यवस्था गरेअनुसार व्यवस्थापन गर्न माग गरे।

अहिलेको सरकार विगतका सरकारको अविछिन्न उत्तराधिकारी भएकाले विगतका सरकार र भूमि आयोगले गरेका कामहरुको स्वामित्व अहिलेको सरकारले लिनुपर्ने पौडेलले माग गरे।

संघर्ष समितिका सल्लाहकार वीरेन्द्र विकले विगतका सरकारको कमजोरीका कारण वर्षौंसम्म जोतभोग र बसोबास गरेका व्यक्तिले लालपूर्जा पाउन नसकेको भन्दै अहिलेको सरकारले विस्थापित गर्ने नभई लालपूर्जा दिनुपर्ने माग गरे। २४ गतेको वृहत् विरोध प्रदर्शन पछि स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालयलाई ज्ञापनपत्र बुझाउने र त्यति गर्दा पनि जबरजस्ती गरिए सशक्त प्रतिवाद गर्ने विकले चेतावनी दिए। ‘सुकुम्वासी र अव्यवस्थित बसोवासीको भोट र उनीहरुले तिर्ने कर वैध हुने तर उनीहरुको बस्ती कसरी अवैध भयो ? यो कदापी स्वीकार्य छैन,’ विकले भने-

‘संघीय र स्थानीय सरकारले सुकुम्वासी र अव्यवस्थित बसोवासीका मागलाई नजर अन्दाज गरेर अघि बढे देशव्यापी विद्रोह निश्चित छ।’

विकले बुटवलमा देशभरका भूमिहीन र अव्यवस्थित बसोवासीको राष्ट्रिय भेला समेत गरेर आन्दोलनका कार्यक्रम तय गर्ने तयारीमा रहेको बताए।

यसअघि बुटवल-१७ रानीगञ्ज क्षेत्रका हजारौं भूमिहीन र अव्यवस्थित बसोवासीहरूले बालेन्द्र सरकारको ‘डोजर आतंक’को विरोधमा वृहत् प्रदर्शन गरेका थिए।

रुपन्देहीमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी गरी करिब ८० हजार परिवार रहेका हालै विघटित भूमि समस्या समाधान आयोगको तथ्यांक छ।

## उद्योगी शेखर गोल्छा रिहा



बुटवल। नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष एवं उद्योगी गोल्छा समूहका अध्यक्ष शेखर गोल्छा रिहा भएका छन्।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो सीआइबीले मंगलबार साँझ श्रीमतीको जिम्मा लगाएर गोल्छालाई रिहा गरेको हो।

मंगलबार नै सीआइबीले बिमासम्बन्धी कसुरमा अनुसन्धानका लागि जिल्ला अदालत काठमाडौंसँग म्याद मागेको थियो।

अदालतले म्याद दिन अस्वीकार गरेपछि गोल्छा रिहा भएका हुन्। यसअघि धितोपत्रसम्बन्धी कसुरमा सोमबार सर्वोच्च अदालतले धरौटी माग गर्न र नदिएमा मात्र हिरासतमा राख्न अनुसन्धान अधिकारीका नाममा आदेश गरेको थियो।

त्यसपछि मंगलबार सीआइबीले बिमासम्बन्धी कसुरमा म्याद थपका लागि गोल्छालाई जिल्ला अदालतमा पेश गरेको थियो।

बोलाएका बेला हाजिर हुने गरी गोल्छालाई श्रीमतीको जिम्मा लगाइएको हो। उनीमाथि अनुसन्धान भने जारी रहने सीआइबी स्रोतले जनाएको छ। न्यायाधीश मोना सिंहको इजलासले यसअघि जारी भएको पक्राउ अनुमतिको म्याद नथप्ने आदेश गरेको हो।

आदेशमा भनिएको छ- ‘प्रतिवादी शेखर गोल्छालाई हिरासतमै राखी मुद्दाको अनुसन्धान गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानता नदेखिएकाले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४ (३) बमोजिम प्रतिवादीलाई हिरासतमा राखी अनुसन्धान गर्न म्याद गर्न मिलेन।’

यसअघि सोमबारमात्रै सर्वोच्च अदालतले धरौटी र जमानतको व्यवस्था हुँदाहुँदै किन थुनामा राखेर अनुसन्धान अघि बढाएको भनी धितोपत्र कसुरको अनुसन्धानमाथि प्रश्न उठाएको थियो।

त्यतिबेला सर्वोच्च अदालतले बिमासम्बन्धी कसुरमा रिट निवेदनमा मागदाबी नभएको भन्दै केही बोल्न अस्वीकार गरेको थियो।

सर्वोच्चको आदेश आउनासाथ सीआइबीले गोल्छालाई धितोपत्रसम्बन्धी कसुरको साटो बिमासम्बन्धी कसुरको आरोपमा अनुसन्धान अघि बढाइएको भन्दै रिहा गर्न मानेको थिएन।

बिमासम्बन्धी कसुरमा म्याद थपका लागि अदालत लैजाँदा जिल्ला अदालतले म्याद थप्न अस्वीकार गरेको हो।

## विवेक बनियाँको मृत्यु घटनाको निष्पक्ष छानबिन गर्न परिवारको माग




बुटवल । सडक दुर्घटनामा परी मृत्यु भएका रुपन्देहीको मायादेवी गाउँपालिकाका ४ का २१ वर्षीय विवेक बनियाँको परिवारले घटनाको निष्पक्ष छानबिन गर्न माग गरेका छन्।

उनीहरुले उक्त घटना दुर्घटना नभई हत्या गरिएको दाबी गर्दै छानबिनको माग गरेका हुन्।

मृतक बनियाँका परिवारले मंगलबार बुटवलमा पत्रकार सम्मेलन गरी गाडीमा सवार रहेका चालकसहित ४ जनालाई सामान्य चोटपटक समेत नलागेको र आफ्ना छोराको मात्रै मृत्यु हुनु शंकास्पद रहेको बताएका हुन् । मृतक विवेकका बुबा बद्री विशाल बनियाँले चैत्र १५ गते छोरा बुटवल जान भनि हिडेको र राति तिलोत्तमा १५ मधवलियास्थित राजमार्गमा दुर्घटनामा परी मृत्यु भएको भनिएता पनि घटना शंकास्पद रहेको बताए।

दुर्घटनामा सवारी साधनमा सवार रहेका अन्य कसैलाई पनि सामान्य चोट समेत नलागेकाले छोराको हत्या भएको मृतक विवेकका काका हरिरामले बताए। उनका अनुसार गाडीमा सवार जिल्लाको कोटहीमाई गाउँपालिका २ का पूर्व वडाध्यक्षका छोरा २२ वर्षीय कौशल मिश्रा, २५ वर्षीय वीरेन्द्र यादव, २४ वर्षीय राजप्रताप चाइ र २२ वर्षका सतेन्द्र मिश्राले हत्या गरेर दुर्घटनामा परी मृत्यु भएको भनेको बताए । छोराको हत्या गर्नेविरुद्ध आफूहरुले जाहेरी दिएता पनि प्रहरीले जाहेरी समेत दर्ता नगरेको उनको भनाइ रहेको छ । साथै उनले आरोपित ४ जनालाई तत्काल पक्राउ गरी अनुसन्धान गर्न समेत माग गरेका छन्।

यता इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख निसान्त श्रीवास्तवले भने प्रहरीले घटनाको सुक्ष्म रुपमा अनुसन्धान गरिरहेको बताउँछन्। गाडी चालक फरार रहेकाले चालक पक्राउ पर्ना साथ घटनाको वास्तविक तथ्य खुल्ने प्रहरी प्रमुख श्रीवास्वतले बताए।

साथै उनले प्रहरीले जाहेरी नै दर्ता गर्न मानेन भन्ने कुरामा सत्यता नरहेको र सवारी दुर्घटनाको जाहेरी दर्ता भइसकेको बताए। गाडीमा सवार भएका ४ जना प्रहरीको निगरानीमा नै रहेको र थप प्रमाण भेटिएको खण्डमा कानुन बमोजिम कारबाही प्रक्रिया बढ्ने समेत डीएसपी श्रीवास्तवले बताए।

हार्दिक बधाई तथा शुभकामना



लोकनाथ पन्थी
केन्द्रीय सदस्य

यस वेविलेण्डका सञ्चालक लोकनाथ पन्थी हालै सम्पन्न नेपाल उद्योग व्यापार महासंघको केन्द्रीय सदस्य पदमा साथै हाम्रा शुभेच्छुकहरु खिमनारायण पराजुली अध्यक्ष पदमा, गोविन्द प्रसाद गैरे र पुष्पराज ढकाल केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएकोमा यहाँको नेतृत्वमा देशको राष्ट्रिय औद्योगिकीकरण र व्यापार विविधीकरणको अभियानले सार्थकता पाओस्। आगामी कार्यकाल उपलब्धिमूलक, ऐतिहासिक र सफल रहोस् भनी हार्दिक बधाई ज्ञापन गर्दै सफलताको शुभकामना व्यक्त गर्दछौं।

वेष्ट वेविलेण्ड परिवार
अमरपथ, बुटवल

## सम्पादकीय

# विपद्को पूर्व तयारी

नेपालमा मनसुनजन्य जोखिमको याम सुरु भएको छ। गत वर्ष लामो खडेरी भयो, त्यसपछि निरन्तर ठूलो वर्षा। त्यसले निम्त्याएको कहालीलाग्दो विपत्ति। विगतको त्यो घटनालाई सम्झदै अहिले नै विपद्सँग जुध्न कार्यक्रम अघि बढाउन आवश्यक छ। अहिले पोहोर झैं खडेरी त भएन्, केही दिन बिराएर ठाउँ-ठाउँमा वर्षा र हिमपात भएको छ। खडेरीको मार खेप्न नपरे पनि मनसुन भित्रिन लागेकोले मनसुनजन्य विपद् जोखिम न्यूनीकरणको लागि पूर्वतयारी आवश्यक छ ।

विपद्को पूर्वतयारीका कार्यमा ध्यान दिन सके क्षति न्यूनीकरण गर्न सकिन्छ। विपद् व्यवस्थापनमा पूर्व तयारी र कार्य तथा विपद्पछिको उद्दार र राहतमा सरकारको ध्यान जानुपर्छ । अघिल्लो वर्ष विपद् व्यवस्थापनमा चुक्दा ठूलो जनधनको क्षति भयो। गत वर्ष रसुवामा आएको बाढीको उद्दारमा सतर्कता अपनाउँदा नागरिकले राज्यको अनुभूति गर्न पाए। विपद्को पूर्व तयारी र प्रतिकार्यमा अझै पनि हामी कमजोर छौँ। उद्दार र राहतका लागि जति सक्रियता छ, विपद् पूर्व तयारीमा हामी कमजोर छौँ। विपद् रोक्न सक्रियता कमजोर हुँदा ठूलो जनधनको क्षति भएको पाठ सिक्न राज्य निरन्तर चुकिरहेको छ।

जलवायु परिवर्तनको असरले विपद्का घटना बढिरहेका छन् । अतिवृष्टि र अनावृष्टिका घटना बढिरहेका छन्। हिमालमा हिउँ पर्न छाडेको र तापक्रम बढ्दै जाँदा हिउँ पग्लने क्रम बढिरहेको बेला यो वर्ष हिउँदमा हिमाली क्षेत्रमा हिमपात भयो। हिमाली क्षेत्रमा पनि वर्षा हुने दर बढिरहेकोले त्यसले निम्त्याउने विपत्तिमा राज्य चनाखो हुनुपर्छ।

मुलुकमा संघीय शासन प्रणाली स्थापना भएपछि तहगत सरकारले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयनलाई जोड दिँदै आएका छन्। कार्ययोजनामा तहगत सरकारले गर्नुपर्नेकाम, समन्वय र सहकार्य प्रष्ट उल्लेख भए पनि कार्यान्वयन फितलो हुँदा जोखिम न्यूनीकरण हुन सकिरहेको छैन। विपद् व्यवस्थापनका लागि आवश्यक स्रोतको पर्याप्त व्यवस्थापन नहुँदा समेत प्रहरी–सेनाको सक्रियता महत्वपूर्ण छ।

तहगत सरकारबिचको समन्वय र सकारात्मक पहलकदमीले विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिन्छ । तहगत सरकारको सहकार्यलाई प्रभावकारी बनाउने काम प्रधानमन्त्रीको हो। प्रधानमन्त्री बालेन्द्र साहले मनसुनजन्य विपद् जोखिम न्यूनीकरणका लागि पहलकदमी लिन सक्छन्। अहिले गृहमन्त्रालयको समेत जिम्मेवारी प्रधानमन्त्रीले नै सम्हालेकाले विपद् व्यवस्थापनको पहलकदमीमा प्रधानमन्त्रीको भूमिका महत्वपूर्ण छ।

गृहमन्त्रालयको काम सुरक्षा निकायबिच समन्वय, परिचालन, समग्र गृह प्रशासनको परिचालन हो । यस्तो संवेदनशील समयमा गृहमन्त्रालय अहिले नेतृत्वविहीन छ। गृहमन्त्री सुदन गुरूङ विवादमा तानिएपछि राजीनामा दिए । उनको राजीनामापछि गृहमन्त्रालयको कमाण्ड प्रधानमन्त्रीले नै हेर्दै आएका छन्। गृहमन्त्रालयमा विभागीय मन्त्री हुन आवश्यक छ।

# निर्वाचित हुकुमी राज्य सरकार



झपेन्द्र जिसी

राष्ट्र विरोधी छ कि राष्ट्रपक्षीय छ कि राष्ट्र विरोधी छ ? देशभक्त आमाको गर्भबाट जन्मेको सरकारको चरित्र जनविरोधी छैन त ? आमाको गर्भबाट जन्मेको सरकार आमा विरोधी नहुनुपर्ने हो। आमा पक्षीय छ ? आमा पक्षीय छ भनेर कसरी भन्ने ? आमाको गर्भबाट जन्मेको सन्तान आमा विरोधी भयो भनी त्यसलाई मूलाहा भन्छन् ।

निर्वाचित सरकारलाई लोकतान्त्रिक सरकार भनिन्थ्यो र भनिन्छ। तर नेपालमा त्यसको विपरीत निर्वाचित तानाशाही। हुकुमी सरकार चल्दैछ। झण्डै दुईतिहाइको सरकारले अध्यादेशमार्फत् सरकार सञ्चालन गर्ने कुचेष्टा गर्दैछ।

दुई तिहाइको सरकार छँदाछँदै किन संसद छलेर अध्यादेश ल्याउनु परेको हो ? यस विषयमा बुझ्न जरुरी छ। किनकि यो सरकारसँग १८२ सिट सांसद त प्रतिनिधिसभामा आफ्नै छन्। प्रतिनिधिसभामा झण्डै दुई तिहाइ भए पनि राष्ट्रियसभामा यो सरकारसँग एकजना पनि छैन । विधेयक पारित गर्न दुवै सदनबाट समर्थन चाहिन्छ। त्यसैले सरकारले अध्यादेशबाट सबै कामकाज गर्ने कुचेष्टा गर्दैछ।

संसद भनेको प्रतिनिधिसभा र राष्ट्रियसभा हो। दुई तिहाइको दशक भए पनि राष्ट्रियसभामा आफ्नो सीट शून्य हुँदा सरकार स्वयं आतंकित छ। सुनिन्छ ४०/४२ थान विधेयक अध्यादेशबाट ल्याउने तयारी भएको एक स्रोत र राजनीतिक विश्लेषकहरुले सार्वजनिक गरिसकेका छन् । बजेट अधिवेशनको आह्वान मन्त्रिपरिषद्को निर्णयअनुसार राष्ट्रपतिबाट गराइएको अवस्थामा संसद स्थगित गरी किन अध्यादेश विधेयकहरु ल्याउनु परेको हो ? गरिमामय राष्ट्रपति पदलाई किन कार्टुन बनाउँदैछ । संसद आह्वान गरेर किन राष्ट्रपतिलाई किन संसद स्थगित गर्न बाध्य पारिएको हो ? के लोकतन्त्र भनेको सरकारको खेलौना हो ? प्रश्नहरु उठिरहेका छन्।

तीन कारणले विधेयक ल्याउनु परेको अनुमान गर्न सकिन्छ। पहिलो हो संवैधानिक परिषद्को गठन । संवैधानिक परिषद्मा राष्ट्रियसभाको अध्यक्ष प्रतिनिधिसभाको सभामुख र प्रधानमन्त्री विपक्ष दलको नेता रहने व्यवस्था छ।

यसरी हेर्दा यो सरकार अल्पमतमा देखिन्छ । आफू अनुकूल ती ऐन कानुनलाई संशोधन गर्न पाए राज्य व्यवस्थालाई थप तानाशाहीकरण गर्न सकिन्छ । अर्थात् आफूले चाहेअनुसार गर्न सकिन्छ भन्ने मनसाय नै हो । यसरी नै विश्वविद्यालय ऐनअनुसार स्ववियूको सभापति विश्वविद्यालयसभामा रहने व्यवस्था छ । विद्यार्थी संगठनमाथि त सरकारले प्रतिबन्ध लगाइसकेको छ। यस्तो अवस्थामा सो ऐन खारेज वा संशोधन गर्नुपर्ने थिति देखियो। विश्व विद्यालयमा पनि अधिनायकवाद लागू गर्नका लागि विद्यमान ऐन बाधक हुने नै भयो।

तेस्रो हो अव्यवस्थित बसोवासी र सुकुम्वासीको घर टहरामा राष्ट्रपतिले आह्वान गरेको मिति संसद सञ्चालन हुन थाल्यो भने त्यस्तो अवस्थामा संसदमा हंगामा हुनेछ र डोजर आतंक मच्चाउन कठिनाइ उत्पन्न हुने भन्ने दुरदृष्टिका साथ आफैँले मन्त्रिपरिषद् निर्णय गरी राष्ट्रपतिबाट आह्वान गरिएको बैठक स्थगित गराएको हो। भनेर बुझ्दा हुनेछ।

यसरी सरकार अगाडि बढ्दैछ। सरकारका झोलेहरु सरकारका गाथा गाउँदैछन् । यता घर टहराका धुरीमा डोजरहरु दौडाएर अव्यवस्थित र सुकुम्वासीहरु घरबारविहीन, रोजगारविहीन गाँस, बासविहीन भई विचल्लीमा परेका छन्।

सबैले भन्छन्-'अवस्थित बसोवासी र सुकुम्वासीको पहिचान गर्नुपर्छ। पहिचानका आधारमा मानवीय धर्म संस्कार अनुसार व्यवस्थापन गर्नुपर्छ।'

हुकुम्वासी नै भए पनि उनीहरु मान्छे हुन् । मान्छेलाई मानवीय व्यवहार गरिनुपर्ने हो । त्यो देखिएन। कसलाई दण्ड र कसलाई पुरस्कृत गर्ने हो । त्यसको पनि पहिचान हुन आवश्यक थियो र छ।

२०७२ सालमा महाभूकम्प आयो, मान्छेहरुका घर टहरा निर्माण तत्कालीन सरकारले गर्दै गरे पनि रोजगारी उचित व्यवस्थापन नभइसकेको अवस्था हो। ती मान्छेहरु शहरतिर आएर वा गएर सानो तिनो व्यापार आदि व्यवसाय गर्न थाले। उनीहरुको जरुरत सडक पेटी र आवास गन्हाएको खोलाखोलाको आसपासमै हुन बाध्य भए।

१० वर्षे जनयुद्धकाल पनि कतिपय मानिसहरु पनि घरबासविहीन अवस्था रह्यो । उनीहरु पनि सुरक्षा र रोजगारीका लागि शहरिया खोला किनारातिर लागे।

कोरोना महामारी पनि महासंकट थियो। औषधिमूलो उचित उपचारका लागि उनीहरु पनि ठूला अस्पतालको आसपासमा बसोबास र रोजगारीका लागि पुगे, उतै बसोबासको थालनी भयो।

यति मात्रै होइन बसाइसराईका कारण धेरै छन् । हुकुम्वासी मात्र छैनन् । हुकुम्वासीहरु डुङडुङती गन्हाउने खोला किनारामा गएर बसोबास गर्दैनन्।

अव्यवस्थित बसोवासी र सुकुम्वासीलाई विगत सरकारहरुले व्यवस्थित गर्न कदम चाल्दाचाल्दै सरकार ढल्ने र बन्ने क्रम जारी रह्यो। त्यसैले सरकारले सुरु गरेका कामहरु पूरा हुन सकेनन्।

सर्पले मात्र सर्पको खुट्टा देख्छ भन्छन् । यसरी नै गरिब, भूमिहीन, सुकुम्वासीहरुले मात्र गरिब जग्गाविहीन, सुकुम्वासीको पीरमर्का बुझ्न सक्छन् । सुनपति अरबपति सरकारले यस्ता कुरा कहाँबाट बुझ्न सकोस् !

अहिले आएर सडकमा होइन घर टहरामा डोजर दौड्दैछन्। कालो चश्माले गरिबको पीरमर्का किन बुझ्थ्यो र ?

यो गफै पनि हुन सक्छ, तर नेपाली समाजमा एउटा कुरा चित्रित छ । त्यो हो सरकार खान पाइन सरकार भनेर एउटा गरिबले जुम्ले हात जोडी बिन्ती गर्दा दूध भात, मासु भात खान पनि पाइनस भन्थ्यो रे! के अहिले यो सरकारले त्यही गर्दै छैन र ?

संसदमा विपक्ष कमजोर छ । उनीहरुले बोलेको सरकारले सुन्दैन सुन्ने पनि नसुने झै गर्छ । निजी र सामुदायिक सञ्चार मिडिया डराईडराई भाषा मिलाएर अहिलेसम्म लेख्दै र बोल्दैछन्। सरकारी विज्ञापन पाउनबाट वञ्चित भइसकेकोले उनीहरुको स्वर बन्द हुँदैछ र कलम र माउस भाँचिदैछ।

अन्त्यमा यो निर्वाचित सरकार हो। तर प्रजातान्त्रिक छ कि तानाशाही ? जनविरोधी छ कि जनता पक्षीय ? राष्ट्र विरोधी छ कि राष्ट्रपक्षीय छ कि राष्ट्र विरोधी छ ? देशभक्त आमाको गर्भबाट जन्मेको सरकारको चरित्र जनविरोधी छैन त ? आमाको गर्भबाट जन्मेको सरकार आमा विरोधी नहुनुपर्ने हो। आमा पक्षीय छ ? आमा पक्षीय छ भनेर कसरी भन्ने ? आमाको गर्भबाट जन्मेको सन्तान आमा विरोधी भयो भनी त्यसलाई मूलाहा भन्छन् । समग्रमा यो सरकार मातृभक्त छ कि मूलाहा छ। तुलना गरे हुन्छ। लौ अब जोखौं नापौं।

# समृद्ध नेपालः अनुसन्धान-आधारित रूपान्तरणको खाका



शिवराम ढकाल

नेपाल अहिले एक अत्यन्तै महत्वपूर्ण र सहज राजनीतिक मोडमा उभिएको छ, जहाँ झण्डै दुई तिहाइ बहुमतसहितको सरकारले दीर्घकालीन रूपान्तरणका लागि ऐतिहासिक अवसर पाएको छ । यस्तो अवस्थामा सरकारसँग वैधानिक रूपमा ठूला निर्णय गर्ने क्षमता छ, तर विकासको सफलता हतारोमा होइन, अध्ययन-अनुसन्धानमा आधारित नीतिमा निर्भर हुन्छ। त्यसैले अब नीति निर्माणलाई वैज्ञानिक बनाउँदै देशव्यापी अनुसन्धान केन्द्रहरू स्थापना गर्ने, विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूलाई सक्रिय रूपमा अनुसन्धानमा जोड्ने र त्यसका निष्कर्षलाई सरल भाषामा जनतासम्म पुऱ्याउने प्रणाली विकास गर्नुपर्छ। साथै, सूचना प्रवाहलाई एकीकृत डिजिटल प्रणालीमार्फत विश्वसनीय बनाउँदै आवश्यक परे संवैधानिक सुधारसमेत गरेर सत्य सूचना मात्र आधिकारिक माध्यमबाट प्रवाह हुने व्यवस्था गर्नुपर्छ।

नेपालको वर्तमान समस्याहरू–छरिएको बस्ती, उच्च सेवा लागत, कमजोर उत्पादन प्रणाली, बेरोजगारी र प्राकृतिक स्रोतको अपर्याप्त उपयोग–यी सबै व्यवस्थापन र दीर्घकालीन दृष्टिकोणको अभावसँग जोडिएका छन् । यिनै समस्यालाई समाधान गर्न प्राकृतिक स्रोतमा राज्यको स्पष्ट नेतृत्व, वैज्ञानिक वर्गीकरण र सशर्त निजी सहभागिता आवश्यक छ । जल, जमिन र जंगलको उपयोग राष्ट्रिय हितका आधारमा हुनुपर्छ भन्ने सोचलाई व्यवहारमा उतार्दै उत्पादनशील अर्थतन्त्र निर्माण गर्नुपर्छ। गरिबले सानो बस्ती बसाल्नु मात्र अतिक्रमण होइन, ठूलो जमिन ओगटेर त्यसलाई उत्पादनविहीन राख्नु पनि गम्भीर समस्या हो भन्ने चेतना विकास गर्न आवश्यक छ। व्यक्तिको सम्पत्ति सीप, शिक्षा र सिर्जनशीलतामा आधारित हुनुपर्छ भन्ने दृष्टिकोणले समाजलाई उत्पादनमुखी बनाउँछ।

यस सन्दर्भमा चीनको तीव्र विकास यात्राबाट नेपालले धैरै कुरा सिक्न सक्छ । केवल चार-पाँच दशकमा चीनले आफूलाई विश्वको दोस्रो ठूलो अर्थतन्त्रका रूपमा स्थापित गऱ्यो, जुन कुनै जादु नभई स्पष्ट लक्ष्य, अनुशासन र निरन्तर नीतिगत स्थिरताको परिणाम हो । चीनले 'टार्गेटेड पोभर्टी एलिभिएसन' मार्फत् प्रत्येक घरधुरीको वास्तविक अवस्था पहिचान गरी सोहीअनुसार सहयोग पुऱ्यायो र सन् २०२१ मा पूर्ण गरिबी निवारणको घोषणा गऱ्यो। त्यस्तै, सुकुम्वासी समस्यालाई शहरीकरण र सामाजिक आवासमार्फत् समाधान गर्दै मानिसहरूलाई रोजगारी र आवास दुवै उपलब्ध हुने गरी स्थानान्तरण गरियो । योजनाबद्ध शहर विकास, नदी व्यवस्थापन, 'स्पञ्ज सिटी' अवधारणा, आधुनिक यातायात प्रणाली र उद्योगमैत्री वातावरणले चीनका शहरहरूलाई विश्वस्तरमा पुऱ्यायो। विशेष आर्थिक क्षेत्र (क्भ्ज), प्राविधिक शिक्षामा जोड र अनुसन्धानमा ठूलो लगानीले चीनलाई विश्वकै उत्पादन केन्द्र बनायो।

नेपालले यी अनुभवहरूलाई जस्ताको तस्तै नक्कल गर्ने होइन, आफ्नो भूगोल र आवश्यकताअनुसार परिमार्जन गर्नुपर्छ। उदाहरणका लागि, छरिएका बस्तीहरूको सट्टा योजनाबद्ध रूपमा सीमित संख्यामा ठूला एकीकृत शहरहरू विकास गर्न सकिन्छ, जहाँ शिक्षा, स्वास्थ्य, यातायात र अन्य सेवाहरू सहज रूपमा उपलब्ध हुन्छन्। यसले सरकारी खर्च घटाउने मात्र होइन, जीवनस्तर सुधार गर्न पनि मद्दत गर्छ । उदाहरणका रूपमा बेइजिङ्ग जस्तो शहरमा करोडौं मानिस व्यवस्थित रूपमा बसोबास गरिरहेका छन् । नेपालले पनि यस्तो अवधारणाबाट प्रेरणा लिएर व्यवस्थित शहरीकरणतर्फ अघि बढ्न सक्छ।

बाँकी जमिनलाई उत्पादनमा लगाउँदै कृषि, उद्योग, पर्यटन र ऊर्जा क्षेत्रमा लगानी बढाउनुपर्छ। निजी क्षेत्रलाई सशर्त लिजमार्फत सहभागी गराउँदै रोजगारी सिर्जना र उत्पादन वृद्धि सुनिश्चित गर्न सकिन्छ । हालका किसान, मजदुर र सुकुम्वासीहरूलाई सीपअनुसार काम दिने, नियमित आम्दानी सुनिश्चित गर्ने र समान गुणस्तरको जीवनशैली प्रदान गर्ने मोडल विकास गर्न सकिन्छ। यससँगै व्यवसाय दर्ता, सञ्चालन र बन्द गर्ने प्रक्रिया अत्यन्त सरल र डिजिटल बनाउँदै मोबाइलबाटै मेसेज वा अनलाइन प्रणालीमार्फत सेवा उपलब्ध गराउनुपर्छ, जसले उद्यमशीलता र लगानीलाई प्रोत्साहन दिन्छ।

शिक्षा र स्वास्थ्यलाई राज्यले समान रूपमा सबै नागरिकसम्म पुऱ्याउनु अनिवार्य छ । साथै, योग, ध्यान र व्यायामलाई राष्ट्रिय जीवनशैलीको रूपमा विकास गर्दै मानसिक र शारीरिक स्वास्थ्य सुदृढ गर्नुपर्छ । देशलाई शान्ति, आध्यात्मिकता र सहअस्तित्वको प्रतीकका रूपमा "शान्तिको भूमि, मन्दिरहरूको देश, तपोभूमि र खुसी मानिस बस्ने देश" का रूपमा चिनाउने दीर्घकालीन लक्ष्य तय गर्न सकिन्छ। यसका लागि सामाजिक एकता, उत्पादनशीलता र सकारात्मक सोचलाई प्रोत्साहन गर्दै अनावश्यक राजनीतिक विभाजनभन्दा माथि उठ्न आवश्यक छ।

अन्ततः अहिलेको दुई तिहाइ सरकारसँग नेपाललाई रूपान्तरण गर्ने असाधारण अवसर छ । यदि यसले अनुसन्धानमा आधारित नीति, पूर्वाधार विकास, डिजिटल प्रणाली, प्राकृतिक स्रोतको वैज्ञानिक उपयोग र सामाजिक समानताको मार्ग अवलम्बन गऱ्यो भने नेपालले पनि उच्च गतिको विकास हासिल गर्न सक्छ। यो केवल सरकारको मात्र होइन, सम्पूर्ण नेपालीको साझा जिम्मेवारी हो। अबको समय अवसरलाई परिणाममा बदल्ने हो–स्पष्ट दृष्टि, दृढ इच्छाशक्ति र अनुशासित कार्यान्वयनमार्फत समृद्ध, समान र एकताबद्ध नेपाल निर्माण गर्न सकिन्छ।

समाचारपत्रबाट

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार



काठमाडौं। अघिल्लो चार कारोबार दिन निरन्तर घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार सामान्य अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक आठ दशमलव ७८ अङ्कले बढेर दुई हजार ७१२ दशमलव ८६ विन्दुमा कायम भएको हो।

तीन सय ३५ कम्पनीको ७७ लाख ३४ हजार १२ कित्ता शेयर ६२ हजार २५ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४३ करोड ९० लाख ६८ हजार ३९२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

जीवन बिमा शून्य दशमलव १०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६३, म्युचुअल फन्ड शून्य दशमलव ४४ र अन्य समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ।

विकास बैङ्क शून्य दशमलव ०४, वित्त शून्य दशमलव १२, होटल तथा पर्यटन ०५, लघुवित्त शून्य दशमलव २१ र निर्जीवन बिमा समूह शून्य दशमलव १२ प्रतिशतले घटेको नेप्सेले जनाएको छ।

# सुदूरपश्चिममा लोकप्रिय 'महेन्द्रनगर मावि'



कञ्चनपुर । यहाँको महेन्द्रनगरस्थित महेन्द्रनगर माध्यमिक विद्यालय सुदूरपश्चिमकै लोकप्रिय विद्यालयको रूपमा स्थापित भएको छ।

यस विद्यालयमा नयाँ शैक्षिकसत्रमा भर्ना हुन आउने विद्यार्थीको संख्या विद्यालयले धान्न नसक्ने गरी आइरहेको विद्यालय व्यवस्थापन समितिले जनाएको छ।

विसं २०७१ अघिसम्म ३७१ जना विद्यार्थी अध्ययनरत यस विद्यालयमा हाल भर्नाका लागि प्रवेश परीक्षा दिन आउनेको भीड लागेको छ । सरकारी विद्यालयको शैक्षिक गुणस्तरमाथि गरिने शंका यस विद्यालये भने चिरेको छ।

आधारभूत तह र माध्यमिक तहमा गरी तीन हजार विद्यार्थी अध्ययरत महेन्द्रनगर माविमा ९२ जना शिक्षक कर्मचारी कार्यरत छन् । विसं २०७२ मा विद्यार्थी व्यवस्थापन समितिको अध्यक्ष भएर नेतृत्व गरिरहेका वीरेन्द्रराज विष्ट चौथोपटक विद्यालय व्यवस्थापनको नेतृत्वमा छन् ।

"म विद्यालय व्यवस्थापन समितिमा प्रवेश गर्दा ३७१ विद्यार्थी र १४-१५ जनामात्रै शिक्षक कर्मचारी थिए", अध्यक्ष विष्टले भने-"यसपटक व्यवस्थापन समितिबाट बाहिरिन खोजेको तर अभिभावकहरूले दिनुभएन ।" यो विद्यालय सुदूरपश्चिम प्रदेशमै सबैभन्दा बढी विद्यार्थी भएको विद्यालय हो ।

"त्यो बेला तीन जना दरबन्दीको शिक्षकको तलबबाट निजी स्रोतका शिक्षकलाई तलब खुवाउनुपर्ने परिस्थिति थियो । विद्यालयको आर्थिक स्रोत निकै कम्जोर थियो", अध्यक्ष विष्टले भने-"अहिले निजी स्रोतका शिक्षकहरूलाई पनि सरकारले तोकेअनुरुपकै तलब खुवाउन सक्ने भएका छौँ ।"

एक्काइस वर्षको उमेरमै विद्यालय व्यवस्थापन समितिको बागडोर सम्हालेका विष्टकै सक्रियतामा हाल विद्यालयमा प्राविधिकतर्फ र नियमित गरी शैक्षिक कार्यक्रम सञ्चालन भइरहेका छन् । विसं २०३३ मा स्थापना भएको उक्त विद्यालयको समग्र अवस्थाबारे बुझ्न अहिले मुलुकभरबाट विद्यालय व्यवस्थापन समितिका पदाधिकारी आउने गर्छन् ।

विद्यालयमा ७२ जना आन्तरिक स्रोतबाट शिक्षक तथा कर्मचारी कार्यरत छन् । तीस जना शिक्षक कर्मचारी दरबन्दीमा कार्यरत छन् । "नर्सरीदेखि १२ कक्षासम्म प्रवेश परीक्षा लिएरमात्र भर्ना लिन्छौँ", विष्टले भने-"अहिले भर्नाका बेला सिट क्षमताभन्दा तेब्बरले प्रवेश परीक्षा दिइरहेका छन् ।"

यो विद्यालय २०७५ देखि सिटीइभिटी कार्यक्रमअन्तर्गत बाली विज्ञान, २०७६ देखि सिभिल ओभरसियर, २०७९ बाट सबओभरसियर, २०७६ मा नमूना विद्यालयमा छनोट भएको थियो। "२०७८ देखि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन छ । २४ जना छात्र छात्रावासमा आश्रित छन्", उनले भने-"विज्ञान, वाणिज्य, शिक्षा, कानुन र प्राविधिकतर्फ कार्यक्रम सञ्चालित छन् ।" दुई वर्षअघिदेखि यहाँ २४ महिने औद्योगिक प्रशिक्षार्थी कार्यक्रम पनि सञ्चालनमा छ ।

"कक्षा ८, ९ र १० का विद्यार्थीलाई 'संसार चिनाउ' कार्यक्रम सञ्चालन छ, हाम्रोमा कार्यरत शिक्षक कर्मचारी सबैका छोराछोरी यहीँ अध्ययनरत छन् ।"-उनले भने ।

विद्यालयको शैक्षिक गुणस्तरमा भएको सुधार र आन्तरिक व्यवस्थापन सक्षम भएकै कारण करिब २० किलोमिटर टाढादेखि विद्यार्थी साइकल चढेर आउने गरेको समितिले जनाएको छ ।

# सौराहामा पर्यटकको आगमन उत्साहजनक : व्यवसायी

चितवन । सातामा दुई दिन बिदा भएसँगै यहाँका पर्यटकीय क्षेत्रहरु चलायमान बनेका छन् । जिल्लाको मुख्य पर्यटकीय गन्तव्य सौराहामा विगतको तुलनामा छुट्टीको समयमा पर्यटक बढेको व्यवसायीले जनाएका छन् ।

चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा पर्यटकीय गतिविधिमा रमाउन यहाँ पर्यटक आउने गर्दछन् । गोष्ठीहरु र विवाहका लागि पनि पर्यटक सौराहा आउने गर्दछन् । गत वर्षहरुको तुलनामा यस वर्ष पर्यटकको आगमन उत्साहजनक देखिएको व्यवसायीको भनाइ छ ।

क्षेत्रीय होटल सङ्घका उपाध्यक्ष गुणराज थपलियाले शुक्रबार, शनिबार र आइतबार स्वदेशी पर्यटकको आगमन बढेकाले सौराहा चलायमान भएको छ । उनले भने-"बिदाको दिनमा विदेशी पर्यटक मात्रै पनि ४० प्रतिशतभन्दा बढी छन् ।" भारतीय, चिनियाँ र तेस्रो मुलुकका पर्यटक सौराहा आएका छन् । बिदाको दिनमा पर्यटकको सङ्ख्या नेपाली बढी हुने भए पनि अन्य दिनहरुमा विदेशी ७० प्रतिशत हाराहारी छन् । सरदर यो वर्ष ५० प्रतिशत कोठाहरु भरिएका छन् । उनका अनुसार गत वर्ष यो प्रतिशत ४० हाराहारी थियो ।

चितवन आउने बाटो राम्रो भएमा पर्यटक संख्या अरू थपिने व्यवसायीको भनाइ छ । पोखराबाट चितवन आउने बाटो राम्रो भए पनि काठमाडौँ र भैरहवाबाट यहाँ आउने बाटो विस्तारका क्रममा रहेकालेध सोंचेजस्तो पर्यटक आगमन छैन ।



होटल भिस्टा साधैराहाका सञ्चालक रमेश सिलवाल बिदा हुँदा स्वाभाविक रुपमा पर्यटक बढ्ने बताउँछन् ।

उनले बिदा हुँदा देशका विभिन्न ठाउँबाट पनि पर्यटक आउन सहज भएको बताए। यस वर्ष आफूले स्विमिङ पुल पनि थप गरेकाले आफ्नो होटलमा पर्यटक बढेको उनको भनाइ छ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा बिदाको समयमा हात्ती चढ्न पालो कुर्नुपर्ने बताउँछन् । बिदामा पर्यटकको आगमन बढेसँगै पर्यटकीय गतिविधिमा रमाउनेहरुको संख्या पनि बढेको हो । सहकारीअन्तर्गत २५ वटा हात्ती रहेका छन् । ती हात्तीले बिहान र बेलुका पर्यटक घुमाउने गर्दछन् ।

रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) का पूर्वअध्यक्षसमेत रहनुभएका खतिवडा रेष्टुरेन्टहरु पनि बिदाको समयमा भरिभराउ हुने गरेका छन् ।

अघिल्लो वर्षका तुलनामा अन्य समयमा पनि पर्यटक बढेको उनले बताए ।

सौराहामा १४८ होटल छन् । जहाँ सात हजार २०० पर्यटक अट्ने क्षमता छ । ती होटलमा चार खर्बभन्दा बढी लगानी रहेको अनुमान व्यवसायीको छ ।

प्रत्यक्ष रूपमा ६ हजार ४०० ले रोजगारी पाएका छन् । अप्रत्यक्ष रोजगारी पाउनेको संख्या १२ हजारभन्दा बढी छ । बर्सात लागेसँगै यहाँ आउने पर्यटकको संख्या घट्ने धगर्दछ ।

# हुलाकी सडक फराकिलो बनाउन आग्रह

नेपालगञ्ज । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगन्जलाई बाँकेको खजुरामा निर्माणाधीन सडक फराकिलो गराउन आग्रह गरिएको छ ।

जिल्लाको खजुरा बजारस्थित एक हजार ८०० मिटर चारलेन हुलाकी सडक पुरानै मापदण्डअनुसार निर्माण सुरु गर्दा सडक साँघुरो हुने भन्दै स्थानीय बासिन्दाले आज हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगन्जमा ज्ञापनपत्र बुझाउँदै सो आग्रह गरेका हुन् ।

करिब नौ वर्षअघि निर्माण सुरु भई अलपत्र परेको सडक पुरानो ठेक्का तोडेर नयाँ प्रक्रियाबाट सुरु गरिएको थियो ।

स्थानीय बासिन्दा शरण कर्माचार्यले साँघुरो सडकका कारण दुर्घटनाको जोखिम बढेपछि सडक बिस्तारका लागि आग्रह गरिएको जानकारी दिए । उनले अहिले सडक निर्माण हुन लागेको अवस्थामा केही फराकिलो बनाउन अनुरोध गरिएको उल्लेख गरे ।

कर्मचार्यका अनुसार सडकको दुवैतर्फ एक मिटर थप गरी सडकको चौडाइ नौ मिटर कायम गर्न र पदमार्गलाई नालीभन्दा पछि निर्माण अघि बढाउन माग गरिएको छ ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका प्रमुख लीलाबहादुर भण्डारीले नयाँ निर्माणाधीन सडकमा स्थानीयको मागअनुसार सडक विस्तारका लागि सकारात्मक रहेको भन्दै स्वीकृतिका लागि निर्देशनालयमा पठाइने जानकारी दिए । यसअघि निर्माण भएको संरचनाका विषयमा अदालतमा मुद्दा विचाराधीन रहेकाले काम अघि बढाउन प्राविधिक कठिनाइ रहेको उनको भनाइ छ ।

सडक डिभिजन कार्यालय नेपालगञ्जका अनुसार २०७४ साल चैत २९ गते गजुरमुखी कन्स्ट्रक्सन कम्पनी प्रालि इलामसँग बाँकेको खजुरा बजारमा एक हजार ८०० मिटर र बर्दियाको गुलरीयामा दुई हजार २०० मिटर लम्बाइको सडक निर्माणका लागि रु २१ करोड ४९ लाखमा सम्झौता भएको थियो । सम्झौता सुरु हुँदा २०७७ चैतमा सम्पन्न हुनुपर्ने थियो ।

तर पटक-पटक म्याद थप गर्दा काम सम्पन्न भएन । सडक डिभिजनले ठेक्का प्रक्रिया तोडेपछि निर्माण व्यवसायी अदालत गएकामा अदालतबाट अन्तरिम आदेश जारी नभएपछि स्थानीयको मागअनुसार हुलाकी सडक आयोजनाले सडक निर्माण कार्य अघि बढाएको छ ।

# तरकारीखेतीबाटै मनग्य आम्दानी गर्दै किसान

दाङ । घोराही उपमहानगरपालिका-७ का किसान भीमकान्त चापागाईं बेमौसमी तरकारी खेतीगरी आर्थिक रुपमा सक्षम बनेका छन् । उनले पाँच बिघा जमिनमा गोलभैँडा र तरकारीखेती गरी मनग्य आम्दानी गर्दै आएका छन् ।

यतिखेर चापागाईंको बारीमा गोलभैँडा लटरम्म फलेका छन् । जमिनमा फरकफरक प्लटमा छुट्टाछुट्टै खेती गरेका छन् । त्यहाँ लटरम्म फलेका गोलभैँडा तथा तरकारी देख्दा त्यहाँ पुग्ने जोसुकै पनि लोभिन्छ । अनि दङ्ग छन् किसान ६२ वर्षीय चापागाईं । पसिना र पौरखले लहलह छन्, उनको बारीमा धेरै तरकारी । व्यावसायिक गोलभैँडा खेतीबाट अब्बल किसानका रुपमा चिनिन सफल छन्, चापागाईं ।

चापागाईंको तरकारीखेती यो क्षेत्रकै एक नमूना बनेको छ । उनले ती प्लटमा झल्किने हरियाली र लटरम्म फलेका गोलभैँडा कतै पाकेका, केही पाक्ने तयारी र केही बतेला लागेका छन् । त्यस्तै खुर्सानी, सिमी, बोडी, काँक्रालगायत तरकारी फलेका छन् । यही गोलभैँडाले चापागाईंलाई एक सफल एवम् उत्कृष्ट किसानको परिचय दिएको छ। आफूलाई एक सफल कृषकका रुपमा स्थापित गर्न सफल भएका उनले धेरै मेहनत गरेका छन् । कसानका लागि उनी एक सफलताको उदाहरण बन्न सफल भएका छन् ।

विसं २०७५ मा रु चार लाखको लगानीमा जमिन भाडामा लिएर तरकारीखेती सुरु गरेको चापागाईंले बताए। अहिलेसम्म तरकारीखेतीमा नै कम्तीमा रु २० लाख बढी लगानी गरेको चापागाईं बताउँछन् । उनले अर्काको जमिन भाडामा लिएर सबैभन्दाबढी उन्नत जातका गोलभैँडा, अरु विभिन्न जातका बेमौसमी तरकारीखेती गरिरहेका छन् ।

चापागाईंले वार्षिक प्रतिकठ्ठा रु तीन हजारका दरले जम्मा हुने रकम भाडा तिर्छन् । उनको कृषि फारममा अहिले ६ जनाले रोजगारी पनि पाएका छन् । उनी भन्छन्-"सबै खर्च कटाएर वार्षिक रुपमा रु १२ लाखसम्म बचत गर्न सकेको छु ।" उनकी श्रीमती पनि यहीखेतीमा पूर्णरुपमा लागेकी छिन् । दुई छोरा भने रोजगारीका लागि जिल्ला बाहिर छन् ।

चापागाईं भन्छन्-"म आफ्नो व्यवसायबाट सन्तुष्ट छु, खुसी छु । आफ्नै माटोमा खेलेको छु, माटोको माया बढ्दो छ । यो उमेरमा पनि जोश जागरमा कमी आएको छैन् ।" बारीमै आएर ग्राहकहरुले गोलभेडा खुर्सानीलगायतका तरकारी किनेर लैजाँदा आनन्द आउने उनी बताउँछन् ।

चापागाईंले सुरुमा घोराहीस्थित मसिनामा एक बिघा जमिन भाँडामा लिए । त्यही जग्गामा उनले गोलभैँडाखेती गरे । त्यहाँबाट उनलाई राम्रो आम्दानी भयो । खेतीका लागि आवश्यक पर्ने जमिन अपुग भई साँघुरो भएपछि त्यहाँ छोडेर चापागाईंले विगत पाँच वर्षअघिदेखि यस ठाउँमा खेतीगरी रहेका छन् ।

चापागाईं अन्य जातका तरकारीभन्दा गोलभैँडाखेतीबाट धेरै लाभ लिन सकिने र एकपटक रोपेपछि लामो समयसम्म फल्ने तथा आम्दानी लिन सकिने भएकाले धेरै जमिनमा गोलभैँडाखेती गरेको बताउँछन् ।

चापागाईंले गोलभेडासहित काँक्रो, खुर्सानी, बोडी, सिमीलगायतका तरकारी खेती पनि गरेका छन् । उत्पादन भएको तरकारी लिन बारीमै व्यापारी गाडी लिएर आउने गरेको उनले बताए ।

चापागाईंका अनुसार गोलभैँडा प्रतिकिलो रु ८० र थोकमा प्रतिकिलो रु ७० देखि रु ७५ सम्म बिक्री भइरहेको छ । चापागाईं यस क्षेत्रका सफल कृषकका रुपमा स्थापित भएका छन् । कृषिप्रधान हाम्रो देशमा कृषिको अत्यन्तै राम्रो सम्भावना रहेको तर पनि राज्य भने अझै पनि यस क्षेत्रका समस्या समाधानमा गम्भीर नभएको चापागाईंको गुनासो छ ।

राज्यले समयमा नै कृषिलाई आत्मनिर्भर बनाउने कार्यक्रम ल्याउनुपर्ने चापागाईं सुझाव दिन्छन् । देशभित्रै सीपमूलक कृषि कार्यक्रम सञ्चालन गर्नुपर्ने र विदेशीने युवालाई लक्ष्य गरेर उनीहरुलाई स्वदेशमै रोक्न एकीकृत कृषि व्यवसाय फारम सञ्चालनमा ल्याउनुपर्ने उनी बताउँछन् ।

# सरकारी जागिर छाडेर बाख्रापालनमा रमाउँदै भुवानी

म्याग्दी । म्याग्दीको धौलागिरि गाउँपालिका-७ बगरका भुवानी पौडेलले सरकारी कार्यालयको जागिर छाडेर बाख्रापालन गरी स्वरोजगार र आत्मनिर्भर बनेका छन् ।

दश वर्षसम्म बेनीमा रहेको कृषि विकास कार्यालयमा सहयोगी कर्मचारीको रुपमा करारमा काम गरेका पौडेलले स्थापना गरेको बगर कृषि तथा पशु बहुउद्देश्यीय फार्मबाट सफलता हात पारेका छन् ।

"पाँच वर्षजति खाडीमुलुकमा वैदेशिक रोजगारी गरेर फर्केपछि विसं २०६६ देखि ११ वर्षसम्म बेनीको कृषि विकास कार्यालयमा सहयोगीको रुपमा काम गरेको थिए", उनले भने-"सङ्घीयतापछि जागिर छाडेर बाख्रा पाल्ने सोच पलायो । नौ वटाबाट सुरु गरेको फार्ममा अहिले ६० भन्दा बढी बाख्रा छन् ।"

वार्षिक ३५ देखि ४० वटासम्म खसीबोका बिक्री गरेर रु पाँच लाखसम्म आम्दानी गर्ने पौडेलले तीन जना छोराछोरीलाई सदरमुकाम बेनीमा राखेर पढाउनुका साथै घरव्यवहार चलाउन सजिलो भएको बताए । खसीबोका बाहेक पाठापाठी पनि बिक्री हुने गरेको छ ।

ग्राहकहरु पाठापाठी र खसीबोका खोज्दै घरमै आउने गरेकाले बजारको समस्या छैन । पौडेलले बाख्रापालनसँगै व्यवसायिक रुपमा सुन्तला र तरकारीखेती पनि गरेका छन् । एक सय बोटमध्ये ४० बोट सुन्तलाले उत्पादन दिन थालेका छन् । उनले थप एक सय सुन्तलाका बिरुवा रोपेर खेती विस्तार गरेका छन् ।

वैदेशिक रोजगार र करारको जागिरको तुलनामा खेती किसानी र बाख्रापालनबाट सन्तुष्टि मिलेको पौडेलले अनुभव सुनाए । व्यवस्थित किसिमको खोर बनाएर जमुनापारी जातको बाख्रा पालेका पौडेलले उन्नत बोयर जातको एक वटा बोका सहयोग पाएका छन् ।

फार्मको पूर्वाधार विस्तारमा पौडेलले सरकारी निकायबाट सहयोगको अपेक्षा गरेका छन् । घरवरपरको पाखामा चरनमा आधारित बाख्रापालन गरेका पौडेलले बहुवर्षीय डालेघाँस खेती पनि गरेका छन् ।

उनले बाख्राको सुरक्षाका लागि ठूला जीउडाल भएका एक वटा भोटे जातको सहित दुई वटा कुकुर पालेका छन् । रातको समयमा खोर वरपर रुघेर बस्ने कुकुर जङ्गलमा बाख्रा चराउन लैजाँदा अघिपछि गरेर सुरक्षा दिने गर्छ ।

जङ्गली जनावरको सङ्केत पाएमा भुकेर जानकारी दिने कुकुरले भिडेर बाख्रालाई आक्रमणबाट बचाउन सहयोग गरेको कृषक पौडेलले बताए । भुवानीलाई बाख्रापालनमा श्रीमती भगवतीले पनि सघाएकी छिन् ।

**ओमानमाथि...**

पहिले ब्याटिङ गरेको नेपालका लागि ओपनर आसिफ शेखले सर्वाधिक ९४ रन बनाए भने अर्जुन कुमालले ४८, आरिफ शेखले ४३ र उपकप्तान दीपेन्द्र सिंह ऐरीले ३३ रन जोडेका थिए ।

शतक बनाउनबाट ६ रनले चुकेका आसिफले ९७ बल खेल्दै ७ चौका र १ छक्का प्रहार गरे । ठूलो सट हान्ने चक्करमा ३५औं ओभरको तेस्रो बलमा आसिफ बाउन्ड्री लाइन नजिक क्याचआउट भएका थिए । ओडिआइमा आसिफको यो १४औं अर्धशतक हो । ६६ ओडिआई खेल खेल्दा आसिफले १ शतक र १४ अर्धशतक बनाएका छन् ।

अर्को ओपनर विनोद भण्डारी दोस्रो ओभरमा खाता नखोली आउट भएपछि आसिफले अर्जुन कुमालसँग मिलेर दोस्रो विकेटका लागि १२३ रनको साझेदारी गरेका थिए । लगातार दोस्रो खेलमा अवसर पाएका अर्जुनले वान डाउनमा खेल्दै संयमित ब्याटिङ गरे पनि अर्धशतकबाट दुई रनले मात्र चुके । उनले ८७ बल खेल्दै ४ चौका मदतमा ४८ रन बनाए ।

यस्तै उपकप्तान दीपेन्द्र सिंह ऐरीले ४२ बल खेल्दै १ चौका मद्दतमा ३३ रन जोडे । गुल्सनले २३ बलमा २ चौका प्रहार गरी १७ रन बनाए ।

कप्तान रोहित पौडेलले १६ बल खेलेर ९ रन मात्र बनाए । नन्दन यादव २ र सन्दीप लामिछाने १ रनमा आउट हुँदा करण केसीले खाता खोल्न सकेनन् ।

४९ ओभरमा २३७/९ को स्थितमा रहेको नेपालका लागि आफ शेखले अन्तिम ओभरमा लगातार तीन छक्का प्रहार गर्दै स्कोर बढाएका थिए । तर अन्तिम ओभरको पाँचौ बलमा आरिफ आउट भएपछि नेपाल एक बल अगाडि अलआउट भयो । आरिफले २४ बल खेल्दै १ चौका र ४ छक्का प्रहार गरे ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६१७८१२७५,९८००७६०६२२




**ढकमक्क फुलेको गुलमोहरः**
दाङको घोराही उप-महानगरपालिका-१५ स्थित जिल्ला समन्वय समिति परिसरका रुखमा ढकमक्क फुलेको गुलमोहर । तस्विर : रासस

# स्थानीय तहले मालपोतको काम गर्ने बाटो खुला




बुटवल। स्थानीय तहलाई मालपोत कार्यालयले गरिएको काम समेत गर्नसक्ने गरी कानुनी बाटो खुलेको छ।

सरकारले 'केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश' मार्फत् मालपोत ऐन २०३४ मा संशोधन गरेसँगै मालपोत कार्यालयले गर्दै आएको कार्य स्थानीय तहले गर्न सक्ने भएका छन् ।

स्थानीय तहलाई मालपोत र नापी कार्य गर्नसक्ने गरी मालपोत ऐनमा दफा ८ (ग) थपिएको छ।

स्थानीय तहले जग्गाको लिखत रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज, लगत कट्टा, रोक्का तथा रोक्का फुकुवा गर्ने काम गर्न सक्नेछन् ।

स्थानीय तहले मालपोत र नापीको कार्य गर्नका लागि छुट्टै शाखा खोल्ने अधिकार ऐनले दिएको छ । स्थानीय तहमा उक्त कार्य 'भूमि व्यवस्थापन शाखा'ले गर्ने भएको छ। ऐन कार्यान्वयनका लागि निर्देशिका र वा कार्यविधि मन्त्रालयले बनाउने व्यवस्था छ।

ऐनले 'मालपोत कार्यालय' को शब्द समेत परिवर्तन गरेको छ।

संशोधित ऐनअनुसार 'मालपोत कार्यालय' भन्ने शब्दहरुको सट्टामा 'भूमि प्रशासन कार्यालय' राखिने भएको छ। साथै, मालपोत कार्यालयको प्रमुखलाई भनिँदै आएको 'मालपोत अधिकृत' लाई 'भूमि प्रशासन अधिकृत' हुने गरी संशोधन गरिएको छ।

नापी र मालपोत कार्यालयले प्रदान गर्दै आएको सेवा स्थानीय तहले पनि गर्नसक्ने भएपछि त्यसका लागि दुई सय बढी पालिका तयार रहेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले जानकारी गराएको छ।

नापी तथा मालपोत सेवा प्रदान गर्नसक्ने इच्छुक पालिकाले जानकारी गराउन मन्त्रालयले सूचना जारी गरेको थियो। मन्त्रालयको सूचनाको आधारमा २०७ वटा पालिका इच्छुक देखिएका छन्।

नापी र मालपोतको कार्य गर्नका लागि पोखरा र भरतपुर महानगर, धरान, घोराही र धनगढी उप-महानगरसहित उप-महानगरपालिकासहित २०७ वटा पालिकाले स्थानीय तहबाट सेवा दिन इच्छुक रहेको निवेदन मन्त्रालयमा पठाएका छन्।

मन्त्रालयले चरणबद्ध रूपमा इच्छुक सबै पालिकालाई सेवा हस्तान्तरण गर्ने योजनाअनुसार बनाएको छ । सेवाग्राहीको चापको आधारमा मालपोत कार्यालयको काम स्थानीय तहमा लाने स्थानान्तरण गर्ने गरी प्राथमिकता दिने मन्त्रालयले जनाएको छ।

नापी तथा मालपोत सेवा प्रवाहका लागि स्थानीय तहलाई आवश्यक प्राविधिक तथा जनशक्ति व्यवस्थापन संघीय गर्ने मन्त्रालयले गर्ने भएको छ। पालिकाहरूलाई आवश्यक सामग्रीसहित कर्मचारीहरूलाई समेत तालिम र प्रशिक्षण दिने तयारी मन्त्रालयले गरेको छ।

# नक्कली भुटानी शरणार्थी प्रकरणमा प्रमाण मिसिल झिकाउन आदेश

बुटवल । काठमाडौं जिल्ला अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्री बालकृष्ण खाँण, टोपबहादुर रायमाझीसहित उच्च पदाधिकारीविरुद्ध चलेको मुद्दामा प्रमाण मिसिल झिकाउने आदेश दिएको छ।

न्यायाधीश खिमानन्द भुसालको इजलासले मंगलबार (चैत २२) प्रमाण मिसिल झिकाउन आदेश दिएको हो। संगठित गिरोह खडा गरी नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाउन भूमिका खेलेको दाबीसहित चलेको मुद्दामा अन्तिम सुनुवाइ प्रयोजनका लागि प्रमाण मिसिल झिकाइएको हो ।

जिल्ला अदालतले पूर्वउपप्रधानमन्त्री एवं एमाले नेता टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री एवं कांग्रेस नेता बालकृष्ण खाँण, तत्कालीन गृहसचिव टेकनारायण पाण्डे, पूर्वसांसद आङटावा शेर्पा र तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई तथा बिचौलियाको आरोप लगाइएका केशव दुलाल, उनकी पत्नी दीपा हुमागाईं, सानु भण्डारी र सन्देश शर्मासहित ३० जनाविरुद्ध चलेको किर्ते, ठगी, संगठित अपराध र राज्यविरुद्धको अपराध मुद्दाको प्रमाण मिसिल झिकाएको हो ।

# शोभा पाठकलाई आक्रमण गर्नेविरुद्ध ज्यान मुद्दा



बुटवल । शोभा पाठकलाई आक्रमण गर्ने १० जनाविरुद्ध मुद्दा चलाउनुपर्ने भन्दै प्रहरीले प्रतिवेदन बुझाएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवनकुमार भट्टराईका अनुसार मंगलबार अनुसन्धान सकेर प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाइएको हो। उनका अनुसार १० जनालाई ज्यान मार्ने उद्योगको कसुरमा मुद्दा चलाउन सिफारिस गरिएको छ।

सुधन गुरुङलाई पुनः गृहमन्त्री बनाउनुपर्ने माग गर्दै पाठक माइतीघरमा धर्ना बसेकी थिइन्। सोही ठाउँमा गएर नेकपा एमालेका सचिव महेश बस्नेती पत्नी अम्बिका बस्नेतसहितको समूहले आक्रमण गरेको थियो।

अम्बिकासहित १० जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरेको प्रहरीले अहिले भने ज्यान मार्ने उद्योगको कसुरमा मुद्दा चलाउनुपर्ने भन्दै प्रतिवेदन बुझाएको हो । सरकारी वकिल कार्यालय प्रतिवेदन अध्ययन गरेपछि अदालतमा मुद्दा दर्ता गर्नेछ।

# सुकुम्वासीको प्रदर्शनमा स्कुले बालबालिका पनि सहभागी

बुटवल । बाँकेको कोहलपुरमा भूमिहीन तथा अव्यवस्थित बसोवासीले सरकारको बस्ती खाली गराउने ताकेताविरुद्ध प्रदर्शनमा गरेका छन् । भूमिहीन तथा अव्यवस्थित बसोवासीको प्रदर्शनमा स्कुल ड्रेसमै उनीहरुका बालबालिका पनि सहभागी भएका छन् । कोहलपुर नगरपालिकाले क्रिकेट मैदान क्षेत्रमा बसोबास गर्दै आएका अव्यवस्थित बसोवासी र , भूमिहीन सुकुम्वासीलाई १० दिनभित्र बस्ती खाली गर्न सूचना जारी गरेपछि प्रभावित बासिन्दाहरूले विरोध प्रदर्शन गरेका हुन् ।

भूमिहीन तथा अव्यवस्थित बसोवासीले उचित वैकल्पिक व्यवस्था नगरी बस्तीमा डोजर नचलाउन तथा विद्यार्थीहरूको पठनपाठनको सुनिश्चितता, सुरक्षित आवासको व्यवस्था र शिक्षा पाउने अधिकारको रक्षा गर्नुपर्ने माग गरेका छन्।

शान्तिनगर हुँदै कोहलपुर बजार परिक्रमा गरेको र्‍याली नगरपालिकाको मूल गेटमा पुगेर कोणसभामा परिणत भएको थियो । सभामा बोल्दै अव्यवस्थित भूमिहीन तथा सुकुम्वासी संयुक्त समन्वय समिति बाँकेका संयोजक जीवन थापाले वर्षौंदेखि बसोबास गर्दै आएका नागरिकलाई विस्थापित गर्ने कार्य तत्काल रोक्न माग गरे। उनले हाल विद्यार्थीहरूको परीक्षा चलिरहेको अवस्थालाई मध्यनजर गर्दै तत्काल बस्ती हटाउने कार्य स्थगित गर्नुपर्ने बताए।

आफूहरू वास्तविक सुकुम्वासी भएको दाबी गर्दै उचित व्यवस्थापन बिना हटाउन खोजिए आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी दिएका छन् । वास्तविक भूमिहीन र अव्यवस्थित बसोवासीको पहिचान र उचित विकल्प तयार गरेर मात्र बस्ती खाली गर्न सकिने थापाको माग छ । कोहलपुरमा रास्वपाको नगर कमिटीले पनि स्थानीय सरकारले तयारीबिना हटाउन लागेको भन्दै विरोध गरेको छ।

पञ्चकन्या रूपन्देही सुपरलिगः

# तिरूपति ९ विकेटले विजयी




भैरहवा । तिरुपति क्रिकेट क्लबले भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको मंगलबारको खेलमा सहजै जित हात पारेको छ। तिरुपतिले बुटवल राइनोजमाथि ९ विकेट सहज जित निकालेको हो।

जितका लागि पाएको ४८ रनको झिनो लक्ष्य तिरुपतिले ४ ओभर १ बलमा १ विकेटको नोक्सानीमा ५० रन बनाउँदै सहजै पूरा गर्यो र जित निकाल्यो । उसको जितमा आकाश त्रिपाठीले ३६ र सन्दीप मौर्यले १३ रन बनाए। बलिङमा बुटवलका शिव कुँवरले १ विकेट लिए।

यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको बुटवल राइनोजले मौसमका कारण ३० ओभरमा छोट्याइएको खेलमा २० ओभर २ बल खेल्दै सबै विकेट गुमाएर जम्मा ४७ रन बनाएको थियो।

उसलाई सस्तैमा रोक्न तिरुपतिका अपराजित पौडेलले ४, आकाश त्रिपाठीले २ तथा मोम्मद हुसेन गद्दी, तुलराम सुनार र तुलबहादुर थापाले १-१ विकेट लिए । बुटवल राइनोजका सुरेन्द्र गन्धर्भले १६ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन्। खेलमा अपराजित पौडेल प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्। यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जनाए।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उपविजेता पुरस्कारको प्रायोजन गरेका छन्। यसैगरी सिद्धार्थ उद्योग वाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन्।

**जिल्ला आर्थिक गणना कार्यालय, नवलपरासी पश्चिमको अनुरोध**

यही मिति २०८३ साल वैशाख २ गतेदेखि असार ७ गतेसम्म **सञ्चालन हुने राष्ट्रिय आर्थिक गणना, २०८२ का लागि सुपरिवेक्षक तथा गणक जिल्लाका सबै** साना तथा ठूला उद्योग, कलकारखाना, व्यापारिक प्रतिष्ठान, होटल तथा रेष्टुरेन्ट, निर्माण कम्पनी, बैंक, वित्तीय संस्था, सहकारी, यातायात सेवा प्रदायक, सामाजिक संघ-संस्था, क्लब, राजनीतिक दल, उपभोक्ता समिति, शैक्षिक एवं स्वास्थ्य संस्था र दर्ता भएका कृषि व्यवसाय लगायतका सबै प्रतिष्ठानहरुमा खटिएर स्थलगत तथ्याङ्क सङ्कलन कार्य हुँदैछ।

**'अर्थतन्त्र मापनका लागि आर्थिक गणना'** भन्ने मूल नारालाई आत्मसात् गर्दै, आ-आफ्ना प्रतिष्ठान/व्यवसायका क्रियाकलाप सम्बन्धी सत्य-तथ्य र पूर्ण विवरण उपलब्ध गराई यो राष्ट्रिय अभियान सफल पार्न हार्दिक अनुरोध गर्दछौं। संकलित सबै विवरणहरु तथ्याङ्क ऐन, २०७९ बमोजिम पूर्ण रूपमा गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ।

कोही नछुटौ राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं ।
टोल फ्री नं. : ११७८
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय
राष्ट्रिय आर्थिक गणना, २०८२
**जिल्ला आर्थिक गणना कार्यालय**
नवलपरासी, पश्चिम

**आकर्षक डिजाइन तथा छपाई**
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
**आइडिया**
**डिजाइनर्स/अफसेट प्रेस**
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ **न्यू कुमकुम ज्वेलर्स**
बि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

**हामी बोलेर मात्र**
**होइन पुऱ्याएर छाड्छौं**
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
**सुपर काइनेटिक**
**कुरियर्स सर्भिस**
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com